कार्यपालिका बैठक संख्या- ६

मिति:- २०८३।०७।१३

निर्णयहरु

निर्णय नं. १- अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरु र तिनको कार्यान्वयन सम्बन्धमा आवश्यक छलफल तथा समीक्षा गरीयो।

निर्णय नं. २- मिति २०८३।०७।१० गते सम्पन्न गाउँ शिक्षा समितिको बैठकबाट भएका निर्णयहरु अनुमोदनका लागि पेश भएको सम्बन्धमा तपसिल बमोजिम अनुमोदन गरी कार्यान्वयन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

क. विजयनगर गाउँपालिकाको चालु आ.व. २०८३/०८४ स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत **शैक्षिक पहुच बृद्धिका लागि आधुनिक शिक्षण सिकाइ प्रक्रियामा समावेशी पूर्वाधारको विस्तार (क्र.सं. ६५६)** शिर्षकमा विनियोजित रकम मध्येबाट रु. १५ लाखमा नबढ्ने गरी कम्प्युटर खरिद गरी आवश्यकताका आधारमा विद्यालय तथा मदरसाहरुमा वितरण गर्न आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो।

ख. विजयनगर गाउँपालिकाको चालु आ.व. २०८३/०८४ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत **शैक्षिक पहुच बृद्धिका लागि आधुनिक शिक्षण सिकाइ प्रक्रियामा समावेशी पूर्वाधारको विस्तार (क्र.सं. ६५६)** शिर्षकमा विनियोजित रकम मध्येबाट रु. २० लाखमा नबढ्ने गरी डेक्स बेन्च खरिद गरी आवश्यकताका आधारमा गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा वितरण गर्न आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो।

ग. विजयनगर गाउँपालिकाको चालु आ.व. २०८३/०८४ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत **शैक्षिक पहुच बृद्धिका लागि आधुनिक शिक्षण सिकाइ प्रक्रियामा समावेशी पूर्वाधारको विस्तार (क्र.सं. ६५६)** शिर्षकबाट खर्च लेख्ने गरी २०० थान प्लास्टिक कुर्सी खरिद गरी यस गाउँपालिका अन्तर्गतका श्री दुधाधारी माध्यमिक विद्यालय र श्री लौटन राम द्रोपदी देवि माध्यमिक विद्यालयमा सञ्चालित सभाहलको लागि १००/१०० थान कुर्सी सम्बन्धित विद्यालयलाई हस्तान्तरण गर्ने गरियो।

घ. विजयनगर गाउँपालिकाको चालु आ.व. २०८३/०८४ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत विद्यार्थी अनुपातको आधारमा अत्यन्तै न्यून दरबन्दी भएका सामुदायिक तथा धार्मिक विद्यालयहरुमा आवश्यकताका आधारमा शिक्षक पदपूर्ति गर्न तपसिल बमोजिम स्वयंसेवक शिक्षक तथा विद्यालय कर्मचारी कोटा वितरण गर्ने निर्णय गरियो।

क्र.सं.	विद्यालय	पद	संख्या	कैफियत
१	श्री लौटन राम द्रोपदी देवी माध्यमिक विद्यालय, गणेशपुर	मा.वि. सामाजिक शिक्षक	१	
२	श्री नेपाल तारा माध्यमिक विद्यालय, महुवाबारी	मा.वि. अङ्ग्रेजी शिक्षक	१	
३	श्री शिव माध्यमिक विद्यालय, डालपुर	मा.वि. गणित शिक्षक	१	
४	श्री हरिबोध माध्यमिक विद्यालय, प्रेमनगर	मा.वि. विज्ञान शिक्षक	१	
५	श्री त्रिनेत्र माध्यमिक विद्यालय, मधुनगर	मा.वि. नेपाली शिक्षक	१	
६	श्री जन ज्योति माध्यमिक विद्यालय, शंकरपुर	मा.वि. नेपाली शिक्षक	१	
७	श्री माध्यमिक विद्यालय नेवलागंज	मा.वि. अङग्रेजी र विज्ञान शिक्षक	१/१=२	
८	श्री त्रिनेत्र माध्यमिक विद्यालय, मधुनगर	नि.मा.वि. अङ्ग्रेजी शिक्षक	१	
९	श्री दुधाधारी माध्यमिक विद्यालय, गुगौली	नि.मा.वि. अङ्ग्रेजी शिक्षक	१	
१०	श्री आधारभूत विद्यालय, थरौली	नि.मा.वि. नेपाली शिक्षक	१	
११	प्रा.वि. शिक्षक		५	
१२	ई.सि.डि. (बालविकास सहजकर्ता)		३	
१३	श्री हरिबोध माध्यमिक विद्यालय, प्रेमनगर	परिचर	१	
१४	श्री जनजागृति माध्यमिक विद्यालय, लोहरौला	परिचर	१	
१५	श्री त्रिनेत्र माध्यमिक विद्यालय, मधुनगर	परिचर	१	

हिमालय विश्वकर्मा
२०८३।०७।१३

विजयनगर गाउँपालिका
कार्यपालिकाको कार्यालय
तिलोत्तमा, कपिलवस्तु
लुम्बिनी प्रदेश,

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

कार्यपालिका बैठक संख्या- ६

मितिः- २०८३।०७।१३

निर्णय नं. ३- विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३।०५।१८ गतेको बैठकको निर्णय नं. ३ बाट यस गाउँपालिका अन्तर्गत सञ्चालित आधारभूत स्वास्थ्य सेवा अस्पताल (१५ शैया) का लागि स्वीपर पदमा १ जना कर्मचारी पदपूर्ति गर्ने गरी निर्णय भए बमोजिम विजयनगर गाउँपालिका वडा नं. ६, प्रेमनगर बस्ने श्री उमा ठकुरीलाई स्वीपर पदमा मिति २०८३ कार्तिक १३ गते देखि लागु हुनेगरी दैनिक ज्यालादारीमा नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ४- "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्तिका लागि विभिन्न मितिमा प्राप्त भएका निवेदन उपर **विजयनगर गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८२** बमोजिम गठित जाँचबुझ समितिले जाँचबुझ पश्चात आवश्यक योग्यता भएको भनि "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदानका लागि गाउँ कार्यपालिकाको बैठकमा पेश भए बमोजिम तपसिल बमोजिमका निवेदकहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

तपसिलः-

क्र.सं.	नाम	ठेगाना	दर्ता विवरण	कैफियत
१	श्री एस.एस.बि. निर्माण सेवा	विजयनगर-४, कपिलवस्तु	घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा कपिलवस्तुमा मिति २०८३/०५/०२ मा दर्ता नं. १६४५२/०८३ बाट दर्ता भएको	
२	श्री ए.एम.आर. बिल्डर्स	विजयनगर-४, कपिलवस्तु	घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा कपिलवस्तुमा मिति २०८३/०६/१२ मा दर्ता नं. १६५२१-९-२०८३/८४ बाट दर्ता भएको	
३	श्री फाईभ स्टार कन्स्ट्रक्सन	विजयनगर-५, कपिलवस्तु	घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा कपिलवस्तुमा मिति २०८३/०५/१७ मा दर्ता नं. १६४८५/०८३ बाट दर्ता भएको	
४	श्री भैरव मालिका कन्स्ट्रक्सन	विजयनगर-३, कपिलवस्तु	घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा कपिलवस्तुमा मिति २०८३/०४/२८ मा दर्ता नं. १६४४८/०८३ बाट दर्ता भएको	

निर्णय नं. ५- विभिन्न समयमा आएको अविरल बर्षाका कारण गाउँपालिका अन्तर्गतका विभिन्न सडकहरु बिग्रेर आवतजावतमा समस्या भएकोले सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा तत्काल मर्मत सम्भार गर्न आवश्यक सडकहरुको यथाशीघ्र मर्मत कार्य अगाडि बढाउने र सोको लागि लाग्ने रकम विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने भनी मिति २०८३।०६।२२ गतेको चौथो कार्यपालिका बैठकको निर्णय नं. ५ बाट निर्णय भएकोमा भुक्तानीको स्रोत विपद व्यवस्थापन कोष नभई **मर्मत सम्भार (क्र.सं. २४४)** हुनेगरी संशोधन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

निर्णय नं. ६- सार्वजनिक खरिद नियमावली, २०६४ को सोह्रौं संशोधनबाट उपभोक्ता समितिबाट काम गराउने कार्यविधिमा **कानून बमोजिम दर्ता भएको उपभोक्ता समितिबाट काम गराउने** भन्ने व्यवस्था भएबाट उपभोक्ता समितिबाट गरिने कामका सम्बन्धमा द्विविधा उत्पन्न भएको विषयमा चालु आ.व. २०८३/०८४ मा गाउँपालिका भित्र स-साना प्रकृतिका (अधिकतम रु. ५ लाख रकम सम्मका) योजना/कार्यक्रमहरु साविककै अभ्यास अनुरुप सञ्चालन गर्ने र सो भन्दा बढि रकमका योजना/कार्यक्रमको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्था बमोजिम प्रचलित कानून अनुसार दर्तावाला उपभोक्ता समितिबाट काम गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

निर्णय नं. ७- नेपाल सरकार सशर्त अनुदान तर्फ स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार निर्माण शिर्षकमा विनियोजित रकमबाट तपसिल बमोजिमका विद्यालयमा २ कोठे पक्की भवन निर्माण गर्ने गरी प्राविधिक शाखाबाट पेश भएको लागत अनुमान स्वीकृत गर्ने तथा स्वीकृत लागत अनुमान बमोजिमको रकममा अपुग हुन आउने थप रकम जिल्ला समन्वय समिति, कपिलवस्तु र विजयनगर गाउँपालिकाबाट व्यहोर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

तपसिलः-

क्र.सं.	विद्यालयको नाम	योजनाको नाम	लागत अनुमान रकम	कैफियत
१	श्री रामशरण आ.वि., विजयनगर-६, जुडपनिया	२ कोठे पक्की भवन निर्माण	रु. ४३, ८८, ६७६.०९	
२	श्री जनज्योती आ.वि. , विजयनगर-७, मानपुर		रु. ४३, ८८, ६७६.०९	
उल्लिखित शिर्षकमा रु. ५६ लाख विनियोजन भएकोमा कुल लागत अनुमान रु. ८७,७७,३५८.१८ मध्ये रु. ३१, ७७, ३५८.१८ रकम अपुग हुने।				

आ.व. २०८३।०८४

२०८३।०६।१३

विजयनगर गाउँपालिका कार्यपालिकाको कार्यालय, घुरहुरिया, कपिलवस्तु, लुम्बिनी प्रदेश।

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

कार्यपालिका बैठक संख्या- ६

मिति:- २०८३।०७।१३

निर्णय नं. ८- निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

तपसिल:-

क्र.सं.	व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम	ठेगाना	प्रयोजन	रकम	भुक्तानिको श्रोत
१	सगरमाथा महिला समूह	विजयनगर-१, नयाँगाउँ	हरिबोधनी एकादशीको अवसरमा मेला तथा साँस्कृतिक कार्यक्रम संचालन	रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र)	दिवस, समारोह, चाड पर्व, मेला महोत्सव विशेष खर्च
२	खुरुहुरिया गाउँमा अधुरो मस्जिद निर्माण	विजयनगर-६, खुरुहुरिया	अधुरो मस्जिद निर्माण	रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र)	साना पूर्वाधार तथा विकास कार्यक्रम
३	मधवानगर टोल विकास संस्था	विजयनगर-२, मधवानगर	खेल मैदान स्तरोन्नती	रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र)	
४	सत्यबचन मार्ग दर्शन भवन निर्माण	शिवराज-९, कपिलवस्तु	भवन निर्माण	रु. ३,००,०००।– (तीन लाख रुपैयाँ मात्र)	
५	मैनारी शिव मन्दिर उत्तर नालीमा ढक्कन निर्माण	विजयनगर-३, मैनारी	नालीमा ढक्कन निर्माण	रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र)	
६	प्रसोहिया अधुरो सोमईमाई मन्दिर मर्मत सम्भार तथा व्यवस्थापन	विजयनगर-७, प्रसोहिया	अधुरो मन्दिर निर्माण	रु. ५,००,०००।– (पाँच लाख रुपैयाँ मात्र)	
७	गेमी मिलिउ मगर समाज	विजयनगर-४, कपिलवस्तु	भूम्या थान घेराबार	रु. ६,००,०००।– (छ लाख रुपैयाँ मात्र)	
८	जुगुरी दमाइ	विजयनगर-१, जवाबैराठ	औषधोपचार खर्च	रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र)	सामाजिक सुरक्षा तथा आर्थिक सहायता कार्यक्रम
९	नयाँगाउँ टोल विकास संस्था	विजयनगर-१, नयाँगाउँ	हरिबोधनी एकादशीको अवसरमा खुल्ला भलिवल लगायत विविध खेलकुद प्रतियोगिता सञ्चालन	रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र)	खेलकुद सहयोग कार्यक्रम

२०८३।०७।१३
विमलाल मिश्रकर्मी
प्रमुख प्रशासकीय अधिकृत

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खुरुहुरिया, कपिलवस्तु
लुम्बिनी प्रदेश,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ऊँचाउँ
दफा ८४ उपदफा-२ को (ज) बमोजिम
कार्यपालिका बैठक नं. ६१ ..... को
निर्णय प्रमाणित गर्दछु

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका